श्रमको सम्मान, राष्ट्रको अभियान

# वार्षिक प्रगति प्रतिवेदन

## २०७९।०८०

रोजगार सेवा केन्द्र
बन्दिपुर गाउँपालिका
बन्दिपुर, तनहुँ

# विषयानुक्रम


## परिच्छेद-एक

१ रोजगार सेवा केन्द्र

१.१ परिचय

१.२ प्रधानमन्त्री रोजगार कार्यक्रम

- न्युनतम रोजगारी
- बेरोजगार व्यक्ति तथ्यांक संकलन र सुचिकरण
- रोजगार संवाद मंच संचालन
- रोजगार रणनीति तर्जुमा
- श्रमको सम्मान राष्ट्रको अभियान सँचालन
- रोजगार विनिमय
- वित्तिय विवरण
- सफलताको कथा
- समस्या तथा चुनौतीहरु

## परिच्छेद-दुई

२. श्रम तथा आप्रवासन

- श्रम स्विकृती
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई निःशुल्क परामर्श
- सामाजिक सुरक्षा कोषमा आबद्ध
- पुनः एकीकरण कार्यक्रम
- वैदेशीक रोजगार बोर्डका कल्याणकारी कार्यक्रममा सहजिकरण

## परिच्छेद-तिन

## सुरक्षित आप्रवासन कार्यक्रम सामी

- वित्तीय साक्षरता
- सूचना तथा परामर्श सेवा प्रदानः
- निशूल्क कानूनी सहायताको लागि सहजीकरणः
- सीप तालिममा सिफारिस तथा सहभागीः
- मनोसामाजिक परामर्श सेवा प्रदानः
- वित्तीय प्रगती
- अन्य
- उपलब्धीहरु
- समस्या तथा चुनौतीहरु
- सफलताको कथा

# परिच्छेद-एक

## १ रोजगार सेवा केन्द्र

**परिचय**




रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा १० बमोजिम नागरिकलाई व्यावसायीक सीप विकास, रोजगार प्रबर्द्धन, उत्पादनशिल रोजगार सृजना, उद्यमशिलता प्रवर्द्धन, आप्रवासन लगायतका श्रम तथा रोजगार सम्बन्धी सेवा तथा सुविधा प्रदान गर्नका लागि बन्दिपुर गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएको हो। श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रदान गरिने सेवाहरु स्थानीय तहबाटै एकद्धार प्रणालीबाट उपलब्ध गराउने उद्धेश्यका साथ रोजगारीको खोजिमा रहेका सबै प्रकारका श्रमिकहरु रोजगारदाता र श्रम बजारमा उपलब्ध अवसरहरुको सूचना, सहजिकरण, समन्वय कायम गर्ने, विभिन्न कार्यक्रम निकायहरुले सँचालन गर्ने तालिमहरुको सँयोजन तथा सहकार्य गर्ने, तिनै तहका सरकारको रोजगार विनिमय सेवा केन्द्रको रुपमा कार्य गर्ने तथा रोजगार सम्बन्धी सेवा र सहायता प्रदान गर्ने यस केन्द्रको मुख्य कार्य हो ।

## १.१ प्रधानमन्त्री रोजगार कार्यक्रम




नेपालको सँविधानको धारा ३३ (१) मा प्रत्येक नागरिकलाइ रोजगारीको हक हुने उल्लेख भएबमोजिम रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यन्वयनमा रहेका छन्। ऐन र नियमावली प्रावधान अनुरुप रोजगारमूलक सेवा र सुविधाको विस्तार गर्न एवम नागरिकलाई न्युनतम रोजगारीको प्रत्याभुति गर्दै सामाजिक सँरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका साथ आ.व २०७५।७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयनमा ल्याइएको छ ।

मूलुकभित्र रोजगारीको पर्याप्त अवसर सृजना गरि उपलब्ध जनशक्तीको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउन एवम् न्युनतम रोजगारी सुनिश्चित गर्ने र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने दीर्घकालिन सोचका साथ निरन्तर कार्यक्रम सँचालनमा आएको छ ।

## कार्यक्रमको उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्धेश्य देहाय अनुसार रहेका छन्-

क) बेरोजगार व्यक्तीलाई न्युनतम रोजगारीको प्रत्याभुती गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

ख) दक्ष तथा सक्षम जनशक्ती विकास गरि आन्तरिक रोजगारी तथा स्वरोगारीको प्रवर्द्धन र विस्तार गर्ने

ग) सरकारी,नीजि सहकारी तथा गैरसरकारी क्षेत्रहरु बिचको समन्वय र सहकार्यमा थप रोजगारीको सृजना गर्ने

घ) आन्तरिक रोजगारी सृजनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने

ङ) सार्वजनिक पूर्वधारहरुको निर्माण,स्तरउन्नती र विस्तारमा योगदान दिने

च) आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन अनुसन्धान गरि रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने।

### ❖ न्युनतम रोजगारी



आर्थिक वर्ष २०७९।८० मा सूचिकृत भई रोजगार व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ठ भएका बेरोजगार सँख्या १६१ जना रहेकोमा बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ अनुसार छनौट भएका लाभग्राहीहरु मध्ये प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १४ जना र यूवा रुपान्तरण पहल कार्यक्रमबाट ४० जना गरि ५४ जना कामदारले न्युनतम रोजगारी १०० दिनका लागि विभिन्न वडाहरुमा संचालित ११ वटा योजनाहरु सम्पन्न भएका छन् । ११ वटा योजनाहरुबाट औसतमा ७९ दिन रोजगारी श्रृजना भएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ७० अनुसारका आयोजनाहरुमा खटाई न्युनतम रोजगारीको प्रत्याभूती प्रदान गरेको छ .

बन्दिपुर गाउँपालिकाभित्र आर्थिक वर्ष २०७९।०८० मा ११ पारिश्रमिकमा आधारित योजनाहरु सम्पन्न भएका

| क्र.सं. | योजना | संख्या | स्वचालित | साझेदारी | |
|---|---|---|---|---|---|
| | | | | वडा | गाउँपालिका |
| १ | मेशिनरी सिढी निर्माण | ५ | | ✓ | |
| २ | सुख्खा सिढी निर्माण | २ | ✓ | | |
| ३ | पोखरी | १ | ✓ | | |
| ४ | पक्की नाला निर्माण | १ | | | ✓ |
| ५ | सडक तथा नाला सरसफाई | १ | ✓ | | |
| ६ | शौचालय | १ | | | ✓ |

।छन्। स्वचालित तथा गाउँपालिका साथै वडासँग साझेदारीका योजनाहरुको विवरण यस प्रकार रहेका छन।

# पद मार्ग निर्माण तथा मर्मत










- कुल योजना ७ वटा
- कुल खटिएका श्रमिक संख्या: ४० जना
- कुल रोजगारीको दिन: १६५७ दिन
- कुल लम्बाईः ११०० मि

# पोखरी निर्माण










पोखरी सँख्या ४ वटा

कुल आयतनः ५६१ घ.मि.

कुल खटिएका श्रमिक संख्याः ६ जना

कुल रोजगारीको दिन: ५६१ दिन

# नाला निर्माण





योजना सँख्याः- १

कुल लम्बाईः- ११० मि

खटिएका श्रमिक संख्याः ९ जना

कुल रोजगारीको दिनः २७६ दिन





# सार्वजनिक संरचनाको मर्मत



सार्वजनिक शौचालय पुनर्निर्माण पछि र अघिको अवस्था







योजना सँख्या:- १

खटिएका श्रमिक संख्या: ६ जना

कुल रोजगारीको दिन: २४० दिन

# ग्रामिण सडक मर्मत






योजना सँख्याः- १ (२-६ नँ वडाहरुमा)

कुल लम्बाईः-४५०० मि

खटिएका श्रमिक संख्याः ३१ जना

कुल रोजगारीको दिनः ९६९ दिन



## बेरोजगार व्यक्ति सूचीकरण

आ.व. २०८०।०८१ का लागी पारिश्रमिकमा आधारित परियोजनाहरुमा काम गर्नका लागी बन्दिपुर गाउँपालिकाका ६ वटै वडामा बेरोजगार व्यक्तिको तथ्यांक संकलन गर्दा ३५० जना बेरोजगार व्यक्तिको विवरण संकलन भएको छ। संकलित बेरोजगार व्यक्तिको तथ्यांक तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | वडा नं. | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | २९ | ४४ | ७३ | |
| २ | २ | ३८ | २५ | ६३ | |
| ३ | ३ | २२ | १८ | ४० | |
| ४ | ४ | ५ | ४ | ९ | |
| ५ | ५ | ४० | २६ | ६६ | |
| ६ | ६ | ४२ | ५७ | ९९ | |
| | | | जम्मा | ३५० | |



## ❖ रोजगार संवाद मंच सञ्चालन



बन्दिपुर गाउँपालिकाले हकको प्रभावकारी कार्यन्वयन रोजगारीको अवसरहरुको पहिचान र रोजगारिको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न "स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८०" अनुसार रोजगार संवाद मञ्च गठन गरिएको छ।

## ❖ रोजगार रणनीति तर्जुमा



बन्दिपुर गाउपालिकामा रोजगारीका पर्याप्त अवसरहरुको सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउन, गाउँपालिकामा मानव पूँजीको निर्माण तथा बिद्यमान मानव पूँजीको सम्भावनाको पूर्ण उपयोगका साथ आगामी ५ बर्ष गाउँपालिकाका योजना तथा कार्यक्रमहरुलाई सामन्जस्यता कायम गरी रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न तथा आर्थिक उपलब्धि हासिल गर्ने तर्फ केन्द्रित गराउनका लागि यो रणनीतिक योजना तर्जुमा गरिएको छ। साथै नागरीकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, सरोकारवालाहरुको क्षमता विकास तथा रोजगारसम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगारसँग सम्बन्धित नीतिहरु र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध जनश्रम शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यमद्वारा उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई स्थानीयका साथै राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशील बनाई गरिवी निवारणमा योगदान पु¥याउने, बैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई रोजगारमुलक र आर्थिक समृद्धिको बाटोतर्फ पुनर्निदेशित गर्ने र समाजमा रहेको आर्थिक एवं सामाजिक विभेदलाई अन्त्य गर्दै पालिकाका उर्जाशिल युवाहरुलाई परिचालन गराई उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने लक्ष्यका साथ बन्दिपुर गाउँपालिकाको ५ बर्ष रणनीतिक योजना तयार गरिएको छ। यसका अतिरिक्त यस रणनीतिक योजनाले प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने अनौपचारिक रोजगारलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, श्रम बजारको आवश्यकता अनुसारको ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने लक्ष्यलाई अंगिकार गर्दै मिति २०८०।०३।२१ गते बन्दिपुर गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षतामा स्थानीय तहको रोजगार रणनीति तर्जुमा तथा रोजगार संवाद मञ्च सञ्चालन कार्यक्रम सम्पन्न भएको छ। सो कार्यक्रममा अध्यक्षसहित उपाध्यक्ष, वडा प्रतिनिधीहरु, पालिकाका शाखा प्रमुखहरु, विभिन्न ईकाईका अध्यक्षहरु, बुद्धिजीवि, महिला उद्यमीहरुको उपस्थिति रहेको थियो।

## ❖ श्रमको सम्मान राष्ट्रको अभियान




श्रम तथा रोजगारी अन्तरसम्बन्धित विषय भएको हुनाले मुलुकको समग्र आर्थिक अवस्था रोजगारीका क्षेत्रमा हुने विकास लगायत काम र श्रमिक प्रतिको धारणले प्रत्यक्ष असर पारेको हुन्छ। काम र श्रमिकप्रति समाजको मूल्य धारण तथा मान्यतामा सापेक्ष परिवर्तन भएमा मात्रै आन्तरिक रोजगारीमा मुलुकका युवा शक्तीलाई परिचालनमा सहज हुने देखिन्छ ।त्यसैले काम तथा श्रमिकको सम्मानमा हुने क्रियाकलाप सँचालन गर्न र आन्तरिक रोजगारी प्रवर्द्धन एवम विस्तार गर्न बन्दिपुर गाउँपालिका वडा न १ देखी ६ सम्म वडाका जनप्रतिनिधी तथा टोल विकास समितिका पदाधिकारीहरु एवम टोल स्तरिय भेला गरि श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सम्पन्न गरिएको छ ।

## ❖ रोजगार विनिमय

**<u>रोजगार खोज्नेहरूसम्म पुग्न</u>**

- रोजगार खोज्नेहरूलाई बुझ्ने
- संचार रणनीति
- रोजगार खोज्नेहरू सम्म पुग्ने अभियान-व्यक्तिगत र समूह), रोजगार मेलाहरू (
- प्रवर्द्धनात्मक सामग्रीहरू जस्तै फ्लायरहरू), पोस्टरहरू, स्ट्यान्डहरू र गैरप्रिन्ट -मिडियाहरू जस्तै रेडियो जिंगलहरू, टिभी कार्यक्रमहरू, A/V कार्यक्रमहरू, सामाजिक मिडियाहरू आदि । (




**<u>रोजगार खोज्नेहरूसम्म पुग्न</u>**

- रोजगार खोज्नेहरूलाई बुझ्ने
- संचार रणनीति
- रोजगार खोज्नेहरू सम्म पुग्ने अभियान-व्यक्तिगत र समूह), रोजगार मेलाहरू (
- प्रवर्द्धनात्मक सामग्रीहरू जस्तै ) फ्लायरहरू, पोस्टरहरू, स्ट्यान्डहरू र गैर प्रिन्ट मिडियाहरू-जस्तै रेडियो जिंगलहरू, टिभी कार्यक्रमहरू, A/V कार्यक्रमहरू, सामाजिक मिडियाहरू आदि। (

बेरोजगार व्यक्ती र रोजगारदाता बिच सम्पर्क स्थापना गर्न एवम श्रम बजारको माग बमोजिम श्रमिक आपुर्ती गर्ने कार्य रोजगार विनियम हो । बन्दिपुर गाउपालिकामा रहेका रोजगारदाताहरुको तथ्याक सँकलन कार्य सम्पन्न भए पश्चात यो सेवा रोजगार सेवा केन्द्र मार्फत सँचालन हुनेछ ।

## ❖ आर्थिक विवरण

| क्र.स | शिर्षक | श्रोत | निकासा रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | कर्मचारीको तलब, पोशाक कार्यालय सँचालन खर्च | आई.डि.ए | १५६७००० | १४०३८४५ | १६३१५५ |
| २ | रोजगारी श्रृजना | आई.डि.ए | २३५१००० | २१८७७२४ | १६३२७६ |
| ३ | कर्मचारीको तलब, पोशाक | नेपाल सरकार | ६०९००० | ५८४५२२ | २४४७८ |
| ४ | रोजगारी श्रृजना | नेपाल सरकार | ४४८००० | ४२९९६८ | १८०३२ |
| | जम्मा | | ४९७५००० | ४६०६०२९ | ३६८९४१ |
| ५ | पालिकाबाट साझेदारी | गाउपालिका | १५५०००० | १५५०००० | ० |
| | कुल जम्मा | | ६५२५००० | ६२१९८१९ | ३०५१८१ |

**वित्तिय प्रगती ९२।५८ %**

## ❖ सफतलाको कथा

**रोजगारी कार्यक्रमले जगायो आशा - परि नेपाली**

बन्दिपुर गाउँपालिका वडा नं. २ स्थित बाढी, पहिरो जस्ता विपदजन्य परिस्थितिबाट जोखिम मोल्दै उभिएको ६४ घरधुरीको बस्ती हो, खहरे। वैश्य, दलित जातीको बाहुल्यता रहेको यस बस्तीका अधिकांश मानिसहरु गरिबीसँग नङ मासु जस्तै नातामा रहेका छन्। यस्तै विपन्नताको बीचमा रुमल्लिएकी एक पात्र हुन्, परि नेपाली। ज्यादै नै विपन्न परिवारकी परिको परिवारमा परि लगायत श्रीमान्, तिन छोरा, एक बुहारी र एक नातिनी गरि ७ जना छन्। श्रीमान् चितवनतिर ज्याला मजदूरी गर्दछन्, जो परिवारसँग खास्सै सम्पर्कमा रहदैनन्। दुई छोरा विदेश छन्, एउटा छोरो दाङ तिर काममा छन् तर छुट्टोभिन्न भएका कारण उनको आफ्नो आर्थिक, व्यवहारिक जिम्मेवारी उनी आफैमाथि नै रहेको छ।

उनको रहने घर पनि निकै दयनिय अवस्थामा छ। आर्थिक अवस्था न्यून भएकाले दैनिकी गुजाराको लागी ज्याला मजदूरी र मौसमी खेतिपाती गर्ने उनको परिवारलाई आर्थिक अभावले कहिल्यै छाड्थेन। झनै २०७८ भदौमा उनलाई छातीको क्यान्सर भएर उनको जीवनमा बज्रपात पर्न गयो। जसकारण उनलाई नियमित औषधीको सेवन गर्नुपर्ने र मेडीकल फलोअपको बाध्यता रहेको छ। जसको उपचार बापत, निकै रकम खर्च भएको थियो। खेतिपातीको समय बाहेक उनको दिनचर्याको खास्सै कुनै बाटो पनि छैन, कुनै व्यवसाय गर्न न उनमा कुनै



व्यवसायिक अनुभव छ न त थालनी गर्नका लागी कुनै सहारा नै। श्रममुलक कामहरुमा संलग्न हुनुभन्दा अरु कुनै विकल्प नभएको परिमा श्रम गर्ने चाहना भएर पनि अवसरको उपलब्धता नभएकाले उनको परिवारको आर्थिक अवस्था सदैव नाजुक छ। तर, आवश्यकताहरु अपरिहार्य हुन्छन्, जसकारण आयआर्जनको बाटो नखुलाई पनि त उनलाई सुख छैन।

वि.सं. २०७५ मा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गरि आर्थिक विकासमा योगदान पुर्‍याउन तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यका साथ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आयो। परि नेपालीले पनि श्रममा आधारित आयोजनाहरुमा काम गर्ने दृढ ईच्छा राखेर बेरोजगार व्यक्ति सुचीकरण कार्यक्रममा आफूलाई सुचीकृत गराईन्।

आ.व. २०७६/०७७ को "*पिपलथोकबाट खोरियापानी पधेँरा जाने गोरेटो बाटो सिढि निर्माण*" योजनामा ३५ दिन रोजगारीमा सँलग्न हुने अवसर पाईन्, जुन योजनाबापत प्राप्त रकमबाट उनलाई आफ्नो जीविकापार्जनमा केही राहत साथै प्रेरणा र थप काम गर्ने हौसला मिल्यो। त्यसपछीका वर्षहरुमा पनि उनले निरन्तर लाभग्राही परिचयपत्र नवीकरण गरिरहिन्, र हरेक वर्ष विभिन्न पारिश्रमिकमा आधारित योजनामा आबद्ध हुँदै आईरहेकि छिन्। चालु आ.व. २०७९/०८० मा पनि "*वडा नं. २ भित्रका सामुदायिक वन तथा सार्वजनिक स्थलहरुमा पोखरी निर्माण*" प्राथमिकताक्रममा पर्न आएकी उनी योजनामा संलग्न भईन्। वर्तमान समयामा बढ्दो जनसंख्या र वनजंगल फडानीका कारण प्राकृतिक सम्पदाहरु नास हुदै गईरहेको यो समयमा सामुदायिक वन तथा सार्वजनिक स्थलहरुमा पोखरी निर्माण गर्नाले जंगली जनावरहरु बसाई सरेर अन्यत्र नजाने, पानीको मुहानहरु संरक्षण हुने, मरुभूमीकरण नहुने हुदाँ पर्यावरण संरक्षण र सन्तुलनमा टेवा पुर्याउन मद्दत गर्दछ। सो योजनामा उनले पनि ९३ दिन काम गर्ने अवसर पाईन्। जुन योजनामा काम गरेर आर्जन गरेको ज्याला रकमले उनले दुईवटा उन्नत जातका माऊ बाख्राहरु थपिन्, जसले अब उनको बसिबियाँलोलाई सहज मात्र गर्दैन बरु आर्थिक आयआर्जनको थप बाटो सिर्जना गरेको छ। आगामी वर्षहरुमा पनि काम गर्ने लक्ष्य बनाएकी परिले सो आयोजनाहरुमा काम गरि प्राप्त ज्याला रकमबाट व्यवस्थित बाख्रापालन, र मौसमी तरकारी खेती गर्ने योजना बनाएकी छिन्।

विपन्न वर्गलाई लक्षित यो कार्यक्रमले कुनैपनि व्यक्तिलाई उसको पहुँच, उसको निकटताको आधारमा नभई श्रम गर्ने दृढता र उसको पारिवारिक स्थितिको आधारमा काममा खट्न पाउने हुदाँ यस कार्यक्रम प्रति परि मनैदेखि आभारी छिन् भने आफूजस्ता अति विपन्न वर्गको लागी सरकारले १०० दिने नभई वर्षैंभरि रोजगारीको सुनिश्चितता गर्न सके अझ उत्तम हुने थियो भन्ने उनको अपेक्षा रहेको समेत उनी बताउछिन्। श्रमको सम्मान र श्रम गर्ने चाहना, उपलब्ध अवसरहरुलाई आत्मसात गरे आफ्नो आयआर्जनको विकल्प बढाएर आत्मनिर्भर बन्न सकिन्छ भन्ने एक गतिल्लो उदाहरण बनेर परिले श्रमप्रतिको रहेको मानिसको नकरात्मक धारणालाई परिवर्तन गर्न पक्कै सकरात्मक सन्देश दिएकी छिन् भन्नुमा दुईमत छैन।

## ❖ समस्या तथा चुनौतीहरु

- ❖ न्युन ज्यालाः यो कार्यक्रम सुचिकृत अति विपन्न बेरोजगारहरुलाई सामाजिक सँरक्षण दिने उद्धेश्यले आएको भएतापनि श्रमिकलाई दिने ज्याला जिल्ला दर रेट र स्थानीय स्तरमा प्रचलित दर भन्दा कम भएकोले दक्ष मिस्त्री तथा पुरुष श्रमिक कार्यक्रममा समावेश हुन नखोज्नु ।
- ❖ सामाजिक सँरक्षणमुलक कार्यक्रमको आयोजना सञ्चालनमा शतप्रतिशत ज्यालामा मात्र बजेट व्यवस्था हुदा निर्माण समाग्री र उपकरणको अभाव भई योजना कार्यन्वयनमा प्रभाव
- ❖ स्थानिय निर्माण व्यवसायी -रोजगारदाताहरु सुचिकृत बेरोजगारहरुको क्षमता, कार्यशैलि प्रती आशाँका गर्नु बाहिरी श्रमिकले जति कार्य स्थानीयले गर्न नसक्ने र नखोज्ने प्रवृती ।
- ❖ सुचिकृत बेरोजगारहरुले कार्यक्रम प्रति ठुलो आशा राखु । सुचिकृत हुने बितिकै रोजगार पाईन्छ भन्ने सोच राखु ।
- ❖ अति विपन्न श्रमिकहरुलाई १०० दिनको रोजगारी ग्योन्टीमा भौगोलिक विकटता र आयोजनाको छनौटको कारणले समस्या श्रृजना हुनु ।
- ❖ बेरोजगार पहिचानमा त्रुटि हुन सक्ने जोखिम
- ❖ निजि क्षेत्रहरुसँग समन्वयको अभाव,
- ❖ उत्पादनशिल पूर्वधारको विकास र छनौटमा समस्या

# परिच्छेद-दुई

### २-श्रम तथा आप्रवासन सम्बन्धी

## ❖ श्रम स्वीकृति




वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य रुपममा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९।१२।१६ को पत्रानुसार वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुनः श्रम स्वीकृति स्थानिय तहबाटै मिति २०८०।०१।०१ देखि सेवा प्रारम्भ हुने गरि सुचना प्रकाशित गरेको हुदाँ रोजगार सेवा केन्द्र, बन्दिपुरले यसमा सेवा विस्तार गरेको छ। आ.व. २०७९।०८० मा रोजगार सेवा केन्द्र,बन्दिपुरबाट श्रम स्वीकृति लिएका व्यक्तिहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | गन्तव्य देशको नाम | श्रम स्वीकृतिको किसिम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | साउदी अरेबिया | पुनः श्रम स्वीकृति | ५ | ० | ५ |
| २ | दुबाई | " | २ | ० | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कतार | " | ६ | ० | ६ |
| ४ | मलेशिया | " | ० | ० | ० |
| | | | कुल लाभग्राही संख्या | | १३ |

## ❖ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई निःशुल्क परामर्श

रोजगार सेवा केन्द्र, बन्दिपुरले वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई निःशुल्क परामर्श सेवा प्रदान गर्दै आईरहेको छ। वैदेशिक रोजगारीमा जान खोजेका व्यक्तिहरु धेरैजसो ठगी धन्दामा पर्ने हुनाले त्यसको नियन्त्रणमा टेवा दिन यो परामर्श सेवा प्रदान गर्नु अत्यावश्यक छ। विदेश जानु पूर्व गन्तव्य देश प्रतिबन्धित छ छैन? श्रम स्वीकृतिबारे ज्ञान छ छैन? परिवारिक सरसल्लाह बमोजिम हो हैन? सहजिकरण गर्ने संस्था विश्वासिलो, भरपर्दो र ईजाजतप्राप्त हो कि हैन? जान लागेको काम बारे आफूसंग ज्ञान छ छैन? आदि ईत्यादि बारे गहन तरिकाले परामर्श दिईन्छ ता कि ति व्यक्तिहरुको वैदेशिक रोजगारीको अवधीभर कुनै पनि दुःख बाधाको सामना गर्नु नपरोस्।

## ❖ सामाजिक सुरक्षा कोषमा आबद्ध

सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सो बमोजिम २०६७ साल चैत्र ७ गते भएको हो।यस कोषले स्थापनाकाल देखि सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सो ऐन बमोजिम कार्य गर्दै आएको छ। ऐनको प्रस्तावनामा उल्लेखित श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्नु यस कोषका उद्देश्य हुन्। सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरुकोआर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिकहकलाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन्।

बन्दिपुर गाउँपालिकामा वैदेशिक रोजगारीमा जानका लागी श्रम स्वीकृति लिन आएका १३ जना व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुनका लागी सहजिकरण गरिएको छ।

## ❖ पुनः एकीकरण कार्यक्रम




वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२ क, को उपनियम (१) अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि

र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकीकरण कार्यक्रम सञ्चालनमा ल्याएको हो। बन्दिपुर गाउँपालिकामा आ.व. २०७९।०८० फाल्गुण महिनादेखि वैदेशिक रोजगारीबाट सीप, दक्षता तथा अनुभव बटुलेर आएका व्यक्तिहरुको तथ्यांक संकलन कार्यक्रम संचालन भएको थियो।। वैदेशिक रोजगार बोर्डबाट प्राप्त भएको अनुदान रकमलाई प्रभावकारी रुपमा कार्यन्वयनका लागि **वैदेशिक रोजगारीबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रमको मापदण्ड, २०७९"** पारित गरि सोही मापदण्ड बमोजिम २२ जनालाई प्रोत्साहन स्वरुप तपशिल अनुसारको आर्थिक सहायता प्रदान गरिएको छ।

| क्र.सं. | नाम थर | ठेगाना | व्यवसायको नाम | अनुदान रकम |
|---|---|---|---|---|
| १ | प्रेम प्रसाद मिश्र | बन्दिपुर-१ | भैसी पालन | १,००,०००।- |
| २ | भक्त बहादुर शाही | बन्दिपुर-१ | बाख्रा पालन | १,००,०००।- |
| ३ | छत्र बहादुर सारु मगर | बन्दिपुर-१ | बँगुर पालन | १,००,०००।- |
| ४ | सिद्धी प्रसाद अधिकारी | बन्दिपुर-१ | गाई पालन | १,००,०००।- |
| ५ | शंकर कुवँर | बन्दिपुर-२ | कुखुरा पालन | १,००,०००।- |
| ६ | लाल बहादुर पौडेल | बन्दिपुर-२ | गाई पालन | १,००,०००।- |
| ७ | अर्जुन वि.क. | बन्दिपुर-२ | परम्परागत आरन | १,००,०००।- |
| ८ | गणेश थापा | बन्दिपुर-५ | गाई पालन | १,००,०००।- |
| ९ | रवि कपाली | बन्दिपुर-१ | ग्रिल उद्योग | १,००,०००।- |
| १० | आईते गुरुङ | बन्दिपुर-४ | बाख्रा पालन | १,००,०००।- |
| ११ | गोविन्द कुवँर | बन्दिपुर-२ | चाउमिन उद्योग | १,००,०००।- |
| १२ | धर्म जंग आचार्य | बन्दिपुर-२ | बाख्रा पालन | ७५,०००।- |
| १३ | कृष्ण बहादुर बानियाँ | बन्दिपुर-१ | बाख्रा पालन | ७५,०००।- |
| १४ | रत्न बहादुर कार्की | बन्दिपुर-२ | सिलाई कटाई | ५०,०००।- |
| १५ | धन बहादुर मगर | बन्दिपुर-४ | बगुर पालन | ५०,०००।- |
| १६ | रिम बहादुर कार्की | बन्दिपुर-२ | होटल व्यवसाय | ३०,०००।- |
| १७ | नर बहादुर कार्की | बन्दिपुर-२ | होटल व्यवसाय | ३०,०००।- |
| १८ | नारायण बहादुर खड्का | बन्दिपुर-२ | होटल व्यवसाय | ३०,०००।- |
| १९ | सुमन श्रेष्ठ | बन्दिपुर-४ | होटल व्यवसाय | ३०,०००।- |
| २० | नवराज विक | बन्दिपुर-४ | खाजा पसल | ३०,०००।- |
| २१ | अमृत कुमार श्रेष्ठ | बन्दिपुर-१ | ब्युटिपार्लर | २५,०००।- |
| २२ | विश्व श्रेष्ठ | बन्दिपुर-१ | सम्पर्कमा नआएको | ५०,०००।- |

६, वित्तीय प्रगती:-

| क.स | कार्यक्रम | स्वीकृत लागत | खर्च भएको रकम | बाकी रकम | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अनुदान रकम | १५७५०००। | १५२५०००। | ५०००० | ९६.८२% |
| २ | प्रशासनिक खर्च (बैठक भत्ता, अनुगमन,अभिमुखिकरण) | १४५०००। | ६४०२०। | ८०९८० | ४४.१५% |
| जम्मा | | १७२००००। | १५८९०२० | १३०९८० | ९२% |

**७, सामाजिक आर्थिक प्रगती**

वैदेशिक रोजगारीबाट फर्कएका व्यक्तीहरु जो सँग सिप र पुजि छ त्यस्ता व्यक्तीहरुलाई लक्षित गरि पुन:एकिकरण कार्यक्रम कार्यन्वयन गरेको छ। वैदेशिक रोजगारीका क्रममा सिकेका सिप तथा प्रविधीको समुचित उपयोगका गर्ने अवधारण अनुरुप यो कार्यक्रम लागु भएको हो। सचालित उद्यम तथा व्यवासयको स्तरउन्नतीका लागि अनुदान स्वरुप रु २५ हजार देखी १ लाख रुपैया सम्म व्यवसायीको योजनाका आधारमा रकम प्रदान गरिएको छ ।

उच्च बेरोजगारी दरका कारण प्रतिदिन औसतमा १,५००-२,००० व्यक्ति रोजगारीकै लागी विदेशीने तथ्याङ्कले देखाएको छ। गत आर्थिक वर्षमा मात्रै ७ लाख ७१ हजार भन्दा बढि व्यक्तिले वैदेशीक रोजगारीका लागी श्रम स्वीकृति लिएका थिए। यस शिलशिलामा वैदेशीक रोजगारीमा गई फर्किएका र देशमै अवसर पहिचान गरी स्वदेशमै रहने प्रतिबद्धता लिएर व्यवसाय सञ्चालन गरिरहेका व्यक्तिहरुलाई सो प्रोत्साहन स्वरुप दिईएको अनुदानले झन् अझ बढी उत्प्रेरीत गरेको छ। उच्च बैंक कर्जा दर, सानो अनि अस्थिर बजार प्रणाली, अव्यवस्थित प्रतिस्पर्धाका बाबजूत पनि आफ्नै देशमा रही आम्दानीको बाटो खुलाएका ति युवाहरुले अन्य व्यक्तिहरुलाई जागरूक गर्ने साथै परदेशसँगको परनिर्भरता घटाउने छ।

**८, कार्यक्रम कार्यन्वयनमा देखिएका समस्या तथा समाधनका लागि गरिएका प्रयास**

| क.स | कार्यक्रम | देखिएका समस्या | समाधनको लागि अपनाईएको उपायहरु | सुझावहरु |
|---|---|---|---|---|
| १ | **कार्यक्रम कार्यन्वयन र कार्ययोजना** | स्पष्ट कार्यविधि नभएको | वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रमको मापदण्ड २०७९ अनुसार वितरण गरिएको | कार्यक्रम कार्यन्वयन मार्गदर्शन समयमानै उपलब्ध गराउने। |

| | | | | |
|---|---|---|---|---|
| २ | साझेदारी रकम | सभा समाप्त भए पश्चात साझेदारी गर्न रकम अभाव हुने | समयमानै रकम विनियोजना गर्ने | हिउदे गाउसभा अगावै बजेटको सुनिश्चितता गरि साझेदारी गर्नुपर्ने रकम सम्बन्धी जानकारी प्रदान गर्ने |
| ३ | लाभग्राही पहिचान तथा छनौट | सुचना प्रवाह माध्यममा कमीका कारण उचित संख्यामा लाभग्राहीहरु सूचिकृत हुन नसकेका कारण वास्तविक आवश्यक व्यक्तिहरु पहिचान हुन नसकेको। | Migration Profile बनाउने | |

गाई फारम अनुगमन



ग्रिल उद्योग



फर्म वरिपरि तारजाली कम्पाउन्ड निर्माण



रिटर्नीका परिवार सिलाईकटाई व्यावसायमा



गोठ सुधार (पहिले र अहिले)





वैदेशिक रोजगार बोर्डका सरहरुलाई बन्दिपुरमा स्वागत तथा छलफल कायक्रम





## ❖ वैदेशिक रोजगार बोर्डकाकल्याणकारी कार्यक्रममा सहजिकरण

वैदेशिक रोजगार बोर्डद्वारा संचालित कल्याणकारी कार्यक्रमहरुमा रोजगार सेवा केन्द्रले सहजिकरणको काम गर्दै आईरहेको छ। वैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यहरुलाई प्रदान गरिने विभिन्न कल्याणकारी सेवाहरुको विवरण तपशिल बमोजिमका रहेको छ।

| शिर्षक | | आर्थिक सहायता (औषधी उपचार खर्च) | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | निवेदकको नाम | ठेगाना | कामदारको नाम | रकम | कैफियत |
| १ | चिज कुमार सार्की | बन्दिपुर-१ | गोपी बहादुर नेपाली | ५० हजार | प्राप्त भएको |
| २ | सुक माया शाही | बन्दिपुर-१ | शिवलाल शाही | ५० हजार | प्राप्त भएको |
| ३ | नानी माया खत्री | बन्दिपुर-१ | दिपेन्द्र बहादुर खत्री | ५० हजार | प्रक्रियामा रहेको |
| ४ | विमला परियार | बन्दिपुर-१ | पार्वती परियार | ५० हजार | प्रक्रियामा रहेको |
| ५ | ईन्द्र माया नेपाली | बन्दिपुर-३ | रोशन नेपाली | ५० हजार | प्रक्रियामा रहेको |
| ६ | विष्णु श्रेष्ठ | बन्दिपुर-१ | सुजन श्रेष्ठ | ५० हजार | प्राप्त भएको |
| ७ | रि माया मगर | बन्दिपुर-५ | भक्त बहादुर राना | ५० हजार | प्रक्रियामा रहेको |
| ८ | चिजा माया भण्डारी | बन्दिपुर-१ | लक्ष्मण बहादुर भण्डारी | - | बोर्डमा पेश भएको |
| ९ | वसन्त बहादुर थापा | बन्दिपुर-४ | कसम थापा मगर | - | बोर्डमा पेश भएको |
| १० | उजेली माया खड्की | बन्दिपुर-१ | अजित खडकी | - | बोर्डमा पेश भएको |
| ११ | सिँह बहादुर दमै | बन्दिपुर-१ | पार्वती परियार | - | बोर्डमा पेश भएको |
| अँगभँग | | | | | |
| १२ | सोमलाल भुजेल | बन्दिपुर-२ | आफै | | प्रक्रियामा रहेको |
| क्षतीपुर्ती | | | | | |
| १३ | खोबिन्द्र गुरुङ | बन्दिपुर-६ | डिना गुरुङ | ७ लाख | प्राप्त भएको |
| १४ | ईश्वर गुरुङ | बन्दिपुर- | खिमीसरा गुरुङ | २५ हजार | प्राप्त भएको |

# परिच्छेद-तिन

## सुरक्षित आप्रवासन (सामी)कार्यक्रम

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि सूचना, परामर्श, सीप तालिम र आवश्यक सेवा उपलब्ध गराउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकारबीच सम्झौता भई तीनै तहको सरकार (संघीय, प्रेदेश र स्थानीय) को समन्वय र सहकार्यमा यो कार्यक्रम २०६७ सालदेखि सञ्चालनमा रहेको छ ।

सुरक्षित आप्रवासन सामी कार्यक्रम नेपाल सरकार र स्वीस सरकार विच द्विपक्षीय सम्झौता भई श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा संचालित रहेको छ।प्राविधिक सहयोगमा हेल्भेटास नेपालले उपलब्ध गराइएको छ।सामी कार्यक्रम अन्तर्गत वितीय साक्षरता डिप्रोक्स नेपालको साझेदारीमा रहेको छ भने मनोसामाजिक परामर्शलाइ सि.एम.सी. नेपालले प्राविधिक सहयोग गराईएको छ।सुरक्षित आप्रावसन सामी कार्यक्रम २०७६ साल देखि संचालन आएको छ। साथसाथै ३८ वटा जिल्लाका १५२ स्थानीय तहमा संचालनमा रहेको छ,जुन कार्यक्रम बन्दिपुर गाउँपालीकामा पनि संचालनमा रहेको छ।जसलाई सक्रिय रुपमा अगाडि बढाउन वित्तीय साक्षरता सहजकर्ता, मनोसामाजिक परामर्श कर्ता र रिटर्नी स्वयम सेवक गरी ३ वटा क्षेत्र रहेको छ।

### वित्तीय साक्षरता

१) सहभागि छनौटका लागि प्रि सर्भे

सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका लागी सहभागी छनोट प्रि-सर्भे

| जनजाती | दलित | क्षेत्री | जम्मा |
|---|---|---|---|
| ५९ | २४ | १७ | १०० |

२) कक्षा व्यवस्थापन समिती गठन

सुरक्षित आप्रवसान सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालनको लागी वडा नं.१ र ४ मा दुई|दुई वटा समुह वडा अध्यक्ष श्री शिव कुमार श्रेष्ठ र दान बहादुर थापाको अध्यक्षतामा समुह गठन गरियो ।

| क्र.सं. | वडा नं. | कक्षा व्यवस्थापन समिति | सदस्य सँख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | ३१ | १७ | |
| १ | १ | बानीयाँटार कक्षा | २४ | १२ | ३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ४ | हिमचुली कक्षा | २० | ८ | २८ |
| ३ | १ | भुडाँटार कक्षा | २५ | ७ | ३२ |
| ४ | ४ | तीनधारा कक्षा | ३१ | १७ | ४८ |

**३) वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सँचालन**

व्यक्तिहरूले वित्तीय स्रोतसाधनलाई आफ्नो भलाइको लागि प्रभावकारी रूपमा प्रयोग गर्न हासिल गर्ने ज्ञान तथा शिप प्रदान गर्नका लागि सँचालन गरिने अभियान कार्यक्रमा वा सजहिकरणनै वित्तिय साक्षरता हो ।वित्तीय साक्षरता सबै किसिमका व्यक्तीहरुका लागि आवश्यक पर्दछ। खासगरि वैदेशिक रोजगारीमा गएका व्यक्तीका घरपरिवारलाई यो साक्षरता अत्यन्त आवश्यक रहको छ। वैदेशिक रोजगारीबाट प्राप्त भएको विप्रेषणलाई घरपरिवारले उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न नसक्दा अथपा वित्तीय शिक्षाको अभावमा निर्णय लिन नसक्दा परिचालन गर्न नसक्दा गम्भिर दुर्घटना हुने गर्दछ।यसले आर्थिक सँगसँगै ठुलो सामाजिक लागत पनि चुकाउनुपर्दछ।प्राप्त रेमिट्यान्सको उचित व्यवस्थापन गर्न, पूँजी निर्माणको लागि सहयोग गर्न, उनीहरूको सुरक्षा तथा जीवनमा उपलब्ध विभिन्न अवसरको पहिचान गर्न, पैसाको महत्व बुझ्दै आफ्नो समाजमा भएको सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वद्र्धन गर्न सक्षम बनाउन वित्तीय शिक्षाको महत्व हुन्छ । मानिसहरू परनिर्भरताबाट आत्मनिर्भरतामा प्रवेश गर्ने क्रम बढ्दै गएको छ । यस क्रममा वित्तीय व्यवस्थापनको क्षेत्रमा उनीहरूको भूमिका बढ्दै गएको हुन्छ । उनीहरू आफ्नो भविष्य तथा आफ्नै परिवारको निर्माण गर्दैछन् । उनीहरूको समाज र परिवारप्रति बढ्दै गएको भूमिका तथा आर्थिक जिम्मेवारीका कारण उनीहरूलाई वित्तीय लक्ष्य निर्धारण गर्न, बचत, ऋण, जोखिमबाट बच्न (बचतको प्रयोग, बीमा) तथा समग्र रूपमा वित्तीय व्यवस्थापन बारे जानकारी दिने कार्य वित्तीय साक्षरता हो । यसले भविष्यमा वित्तीय व्यवस्थापन सम्बन्धी निर्णय कसरी गर्ने भन्ने बारेमा सहयोग गर्नेछ तसर्थ अनावश्यक र फजुल खर्चको कटौती बजेट निर्माण गर्ने आम्दानी र खर्चको हिसाब किताब राख्ने बचमा वृद्धी गर्ने लघुउद्यमको विकास गरि आयआर्जन र स्वरोजगारका अवसरहरु वृद्धि गर्नका लागि वितिय साक्षरता कक्षा सँचालन भएको छ ।साथै वैदिशक रोजगारीमा गएका घरपरिवारलाई आउन सक्ने मानसिक समस्याहरु सम्बन्धी परामर्श पनि यस कक्षाबाट प्रदान गरिन्छ ।

वडा नं.१ मा दुई र वडा नं.४ मा दुई गरी ४ वटै वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन भएको छ ।

| वडा नं | सहभागी संख्या | | | | |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जनजाती | दलित | क्षेत्री | जम्मा |
| वडा नं १ बानीयटार | २४ | ४ | १० | ३ | १४ | २८ |
| वडा नं ४ तीनधारा | २७ | १ | २० | ७ | १ | २८ |
| वडा नं ४ हिमचुलि | २४ | ० | १७ | ६ | १ | २४ |
| वडा नं १ भुडाँटार | १७ | ० | १० | ५ | २ | १७ |
| | ९१ | ५ | | | | ९७ |

बानियाटार वितिय तथा मनोसामाजिक परामर्श कक्षा बन्दिपुर १



हिमचुली वित्तीय तथा मनोसामाजिक परामर्श कक्षा बन्दिपुर ४



तीनधारा वित्तीय तथा मनोसामाजिक परामर्श कक्षा बन्दिपुर ४



भुडाँटार वित्तीय तथा मनोसामाजिक परामर्श कक्षा बन्दिपुर १





## सूचना तथा परामर्श सेवा प्रदानः

१) आप्रवासी श्रोत केन्द्रबाट सुचना प्रदानः  जम्मा ४८३ जना ।

२) रिट्र्नी स्वयसेवक मार्फत सुचना प्रदानः  ९६१ पुरुष र १०४६ महिला गरि जम्मा २००७ जना

**३)** सामुदायीक अभिमुखिकरण मार्फत सूचना प्रदान

वैदेशिक रोजगारी बाध्यता अवस्था हो। समुदायमा कुनै त्यस्ता घर छैन जहा वैदेशिक रोजगारीमा नगएका होस तसर्थ वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन विभिन्न प्रकारका सचेतनामूलक

क्रियाकलापहरु सँचालन गरिन्छ। सुरक्षित आप्रवासन सामी कार्यक्रम सम्बन्धि सामुदयिक अभिमुखिकरण वडा नं.१,२ र ४ मा दुई वटा गरी ४ वटा नै सामुदयिक अभिमुखिकरण सम्पन्न गरियो ।

| क.स | वडा नं. | वडा नं. | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | १ | बानीयाटार | ७ | २० | २७ |
| २ | ४ | हिमचुली | १४ | २१ | ३५ |
| ३ | १ | भँडाटार | ४५ | ५ | ५० |
| ४ | २ | चामुण्डाथान | ८ | १६ | २४ |
| | | | | | १३६ |

४) गहन अभिमुखिकण मार्फत सूचना प्रदान

वैदेशिक रोजगारीमा जाने सँभावित व्यक्तीहरुका लागि गहन अभिमुखिकरण तालिम सँचालन गरिन्छ। विदेश जानु अघि गएपछि र फर्किएर नेपाल आएपछि के गर्ने विषयमा जानकारी प्रदान गरिन्छ।

Pre departure orientation training (PTOD) सम्बन्धी जानकारी प्रदान गरिन्छ। वैदेशिक रोजगारी के हो ,वैंधानिक रुपमा कसरी जाने, गन्व्यमूलक देशमा भोग्नु परेका समस्या तथा चुनौतीहरु अफठ्यारोमा परे कहा सम्पर्क गर्ने, कसरी सुरक्षित हुने जस्ता विषयमा अभिमुखिकरण बन्दिपुर गाउपालिका वडा न २ र मा सम्पन्न भएको छ।

| क.स | वडा नं. | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | २ | १५ | १० | २५ |

५) पारिवारिक अभिमुखिकरण

सुरक्षित आप्रवासन सामी कार्यक्रम सम्बन्धि पारिवारिक अभिमुखिकरण कार्यक्रम वडा नं.१ मा २ वटा र वडा नं. ४ मा २ वटा गरी ४ वडा अभिमुखिकरण कार्यक्रम निम्नानुसार सम्पन्न भयो ।

| क.सं. | वडा नं. | कार्यक्रम स्थान | सहभागी | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १ | १ | बानीयाँटार | २५ | ५ | ३० |
| २ | ४ | तीनधारा | १६ | ८ | २४ |
| ३ | ४ | हिमचुलि | २३ | १ | २४ |
| ४ | १ | भुँडाटार | १९ | १ | २० |

## ६) सहकारी सम्बन्धी प्रशिक्षण

वडा नं. ४ तीनधारा, हिमचुली र वडा नं. १ भुँडाटारमा (हाम्रो बहुउद्देशीय सहकारी सस्था लिमिटेड दमौलीबाट) फुलमति थापाद्वरा र वडा नं. १बानीयाटारमा सबैको लघुवित्त वित्तीय संस्थाका पवन कुमार श्रेष्ठद्वरा ४ वटै कक्षा समुहमा सहकारी प्रशिक्षण तालिम सम्पन्न भयो ।

| क्र.सं. | वडा नं. | कार्यक्रम स्थान | सहभागी | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १ | १ | बानीयाँटार | २६ | ८ | ३४ |
| २ | ४ | तीनधारा | २० | ६ | २६ |
| ३ | ४ | हिमचुलि | २० | ४ | २४ |
| ४ | १ | भुँडाटार | १६ | १ | १७ |








### ७) वैदेशिक रोजगारीका कारणले श्रृजित सामाजिक लान्छाना सम्बन्धी कार्यक्रम

वैदेशिक रोजगारीले समाजमा पारेका विभिन्न किसिमका सकरात्मक तथा नकरात्मक प्रभावका बारेमा यस कार्यक्रममा छलफल गर्ने उद्धेश्यका साथ आयोजित कार्यक्रममा स्थानीय टोल विकास सँस्थाका प्रतिनिधी, सामाजिक अगुवा, नेता तथा कार्यकर्ता, जनप्रतिनिधी लगायत कर्मचारीहरुको उपस्थितिमा उक्त कार्यक्रम सँचालन गरिएको थियो ।३४ पुरुष र १० महिला गरि जम्मा ४४ जना यस कार्यक्रममा सहभागिता रहेको थियो।




### ८) निशूल्क कानूनी सहायताको लागि सहजीकरणः

- जम्मा २३ लाख ५० हजार रुपैया आर्थिक सहायता प्राप्त गरेको (बोर्ड, बीमा कम्पनी तथा कन्सुलर सेवा विभाग) ।
- ठगीका १ वटा केश
- सम्पर्क बिहीन, अनडकुमेन्टेड लगाएत उद्दार सम्बन्धीका १ वटा केश
- मृत्यु तथा स्वास्थ्य उपचार सम्बन्धी ११ वटा केशमा सहजीकरण ।

### ९) सीप तालिममा सिफारिस तथा सहभागीः

- खानाबास सहित १ महिनाको निशूल्क सीप तालिममा सिफारिस गरेको संख्याः २ महिला ३ पुरुष जम्मा ५ जना ।

### १०) मनोसामाजिक परामर्श सेवा प्रदानः

- ब्यक्तीगत रुपमा सेवा प्रदान गरिएका जम्मा सेवाग्राही संख्या : ७ जना महिला
- समूह मनोपरामर्श अन्तर्गत ९६ जनालाई वित्तीय साक्षरता कक्षामा सेवा प्रदान गरिएको ।

## वित्तीय प्रगती

| क्रस | शिर्षक | विनियोजन रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ८९२००० | ६८७३३८ | २०४६६२ |
| २ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | ९१००० | ७५४५५ | १५५४५ |
| ३ | कार्यक्रम खर्च | १०७७००० | ८३८८७२ | २३८१२८ |
| ४ | अनुगमन मुल्याँकन | ४०००० | ३९००० | १००० |
| ५ | मेशिनरी तथा औजार | १८०००० | १८०००० | ० |
| ६ | फर्निचर तथा फिक्चर्स | २०००० | ३४५२ | १६५८४ |
| | | २३००००० | १८२४११७ | ४७५८८३ |
| | | | | ७९ प्रतिशत |

## अन्य

- स्थानीय सरकार कार्यक्रम व्यबस्थापन समितिको वैठक २ पटक
- सरोकारवालाहरुसंगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम
- बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका सहभागीहरुको सरोकारवालासंग समन्वय
- जनप्रतिनिधीहरुलाई अभिमुखिकरण कार्यक्रम
- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा समापन अर्थात **(endline)** र हाजिरी ईन्ट्री **(Attendance entry)** इन्टर्नेट मार्फत नै कोबो कलेट गरिएको छ।

## उपलब्धीहरु

- सहभागीहरुले श्रीमानले पठाएको र खर्च भएको रकम आम्दानी खर्च लिखित रुपमा राख्ने गरेको,
- यस कार्यक्रमबाट विप्रेषणको सही सदुपयोग गर्न सिकेका छन् ।
- वित्तीय जोखिमबाट बच्न विभिन्न उपायहरु अबलम्वन गर्न सक्षम भएका छन्

- यस कार्यक्रमले महिलाहरुको क्षमत तथा व्यक्तीत्व बिकास भएको छ ।
- बित्तीय स्रोतको परिचालन गर्दा उचित निर्णय लिन सक्षम भएका छन।
- खर्च, आम्दानी, बचत र ऋणको हिसाब किताब राख्नुका साथै उचित व्यवस्थापन गर्न सक्षम भएका छन्।
- यस कार्यक्रम सञ्चालन पश्चात घरेलु हिंसा,लाञ्छाना र सामाजिक विभेद जस्ता कुरामा सचेत भएका छन।

## समस्या तथा चुनौतीहरु

- विप्रेषण प्राप्त गर्ने परिवारहरु शिक्षा अवसरका कारण बसाईसराई गएकाले ग्रामिण क्षेत्रमा लक्षित सहभागी जुटाउन समस्या रहेको छ ।
- भौगोलिक विकटताका कारण केन्द्र तोक्न तथा कक्षा सँचालन गर्न अफठयारो रहेको।
- उपयुक्त कक्षा कोठाको अभाव रहेको खुल्ला रुपमा कक्षा सँचालन गर्नुपर्ने
- सहभागीहरु सैद्धान्तिक ज्ञान भन्दा सिप विकास आर्थिक लाभ हुने र भत्ता पाउने कार्यक्रमा सहभागी हुन खोज्ने प्रवृद्धि रहेको ।
- यस कार्यक्रममा विप्रेषण प्राप्त भएको व्यक्तिलाई नै समावेश गर्नु पर्ने भएकोले सहभागी जुटाउन समस्या भएको ।
- बैदेशिक रोजगारीको स्रोतमा नै निर्भर रहेको देखियो।
- यस कार्यक्रममा सहभागीहरुले सेवा सुबिधाको धेरै अपेक्षा गरेको देखिन्छ।

## सफलताको कथा




### वित्तीय साक्षरताले उद्यमी बनायो

कुमारी सोती मगर वडा नं. ४ डुम्रे (ठुलो डुङ्गा निवासी केही गर्छु भन्ने सोच भएको महिला श्रीमान वडा नं. ४ डुम्रेस्थित हिमचुलि (ठुलो डुङ्गा श्रीमान करिब ३ वर्ष देखि वैदेशिक रोजगारीमा हुनुहुन्थ्यो।

बन्दिपुर गाउँपालिकाद्वारा सँचालित सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षामा सहभागी हुनु भयो। बित्तीय सम्बन्धी ज्ञान, सीप प्राप्त गर्नु भयो।वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाको २१ हप्ता, हप्ताको १ दिने कक्षामा सहभागी हुनु भयो, उनीहरुले वित्तीयको सहीसदुपयोग गर्ने,एउटाको भर मात्र गर्नु हुदैन आफुले पनि केही गर्न पर्छ फजुल खर्च धेरै गर्न हुदैन,भन्ने ज्ञान उनिहरुमा परिवर्तन भयो र यो कक्षामा सहभागी भई सके पछि पासबुकमा हिसाब किताब राख्ने,आफुले सक्दो खाता खोलेर वचत गर्ने, अपात कालिन कोष संलग्न भएको देखीन्छ । विभिन्न कुरा सिपहरु सिक्नु साथै वित्तीय साक्षरता सम्बन्धि राम्रो ज्ञानको जानकारी लिई आफुले पनि केही गर्न पर्छ भन्ने सोच राखी उहाँले पानीपुरी, चटपट बिक्री बितरण गर्नका लागि घुम्ती पसल सँचालन गर्नुभयो । वैदेशिक रोजगारीमा रहेका श्रीमानलाई समेत फिर्ता बोलाई दुवैजना व्यावसायमा सँलग्न हुनुभएको छ।

वित्तीय साक्षरता कक्षामा सहभागी भई २१ हप्ता को कार्यक्रम अर्थात तालिम लियो र धेरै कुराहरु जान्न पाईयो र सिक्न पाईयो सहज भयो भन्दै उहाँ कुमारी सोती मगरले सामीले जीवनमा परिवर्तन ल्याईयो भन्दै धन्यवाद दिनु भयो ।

धन्यवाद